# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्रम तथा सामाजिक कल्याण मन्त्रालयका सचिव श्री माधवलाल तवदार अन्तर्राष्ट्रिय श्रम संगठनको ७२ औं अधिवेशनमा भागलिन जेनेभातर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री जगन्नाथ जोशीलाई मिति २०४३।२।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको सूचना

निजामती सेवाबाट अवकाश प्राप्त श्री वासुदेव झालाई श्री ५ को सरकारको मिति २०४२।१२।१८ को निर्णयानुसार नेपाल इञ्जिनियरिङ्ग सेवा, सिभिल समूह ट्रान्सपोर्टेशन उपसमूह, रा.प. द्वितीय श्रेणी (उपसचिव सरहको) सडक विभागको पदसंकेत नं नि।या।स।वि। ०८।२५ को सी. डी. ई. पदमा पुनः स्थापना गरिएको छ ।

आज्ञाले,
राजेन्द्रपुरुष ढकाल
उपसचिव

## भूलसुधार

खण्ड ३६ मिति २०४३।२।१९ संख्या ८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनामा G/Litre छुट हुन गएकोले सच्याइएको छ ।

स्वास्थ्य मन्त्रालय



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।